# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी,
कोशी प्रदेश, नेपाल

पत्र संख्या : ०८०।०८१
चलानी नं. : ८५२

मिति : २०८०।०८।१३

श्री विद्यालयहरु (सबै),
कोशी गाउपालिका,
सुनसरी ।

**विषय : वैदेशिक रोजगार सन्तती छात्रावृत्ति सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने वैदेशिक रोजगार सन्तती छात्रावृत्ति कार्यक्रम अन्तर्गत तहा विद्यालयमा अध्ययनरत वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा असक्त वा गम्भीर बिरामी भएका कामदारका बालबालिकाहरुको निवेदन संकलन गरी यस पालिकाको रोजगार सेवा केन्द्रमा वैदेशिक रोजगार बोर्डको मिति २०८०।०९।०८ भित्र उपलब्ध गराइदिनहुन जानकारीको लागि अनुरोध छ । छात्रावृत्तिका लागि निवेदनको ढाचा तथा विद्यालयको सिफारिसको ढाँचा यसै पत्रसाथ संलग्न रहेको छ । थप विवरण वैदेशिक रोजगार बोर्डको सचिवालयको वेवसाईट www.feb.gov.np बाट प्राप्त गर्न सकिने छ ।

.....................
दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
१. श्री वडा कार्यलयहरु (सबै), कोशी गाउपालिका ।
२. श्री शिक्षा शाखा, कोशी गाउपालिका ।
२.श्री सुचना प्रबिधि शाखा, कोशी गाउपालिका ।

अनुसूची-२
(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)
**विद्यालयको सिफारिसको ढांचा**

मिति : ...............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
..................पालिका ,............।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

<u>संलग्न कागजात</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,
(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्वन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार बोर्डको सचिवालयको**

**वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने बारेको सूचना**

**प्रथम पटक नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकासित मिति : २०८०।०८।०४**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा असक्त वा गम्भीर विरामी भएका कामदारका बालवालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) वमोजिमको ढाँचामा २०८० साल पुस ८ गते भित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

- आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसुची १ वमोजिमको ढाँचामा।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भइ वैदेशिक रोजगार बोर्डबाट **शत प्रतिशत (१००%) आर्थिक सहायता** लिएका कामदारका छोरा/छोरी।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन्।
- **मिति २०८० कार्तिक मसान्तसम्म** उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०८० को छात्रवृत्ति उपलब्ध गराइनेछ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (नयाँ आवेदकका लागि)**

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि।
- विद्यार्थी वा संरक्षकको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि।
- सम्बन्धित स्थानीय तहको सिफारिस।

**साविकमा प्राप्त गरिरहेका बालवालिकाका लागि**

- विद्यार्थीको निवेदन।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र।

- कामदारको राहदानीको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि ।

**छात्रवृत्तिको सीमा**

- बार्षिक रुपमा आधारभुत तहका लागि रु १२,०००। (बाह्र हजार) र माध्यमिक तहका लागि रु १६,०००। ( सोह्र हजार) प्रदान गरिने छ ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**विद्यालयको जिम्मेवारी**

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्वन्धी सूचना प्रवाह गर्ने ।
- पेश भएका निवेदन संकलन गरी वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु जाँचवुझ गर्नु पर्नेछ ।
- जाँचवुझबाट उपयुक्त ठहर गरेका निवेदनहरु सो कार्यविधिको अनुसुचि (२) को ढाँचामा सिफारिस सहित सम्वन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

**स्थानीय तहको जिम्मेवारी**

- स्थानीय तह भित्रका सबै विद्यालयहरुलाइसो विद्यालयमा अध्ययनरत वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि , २०८० वमोजिम छात्रवृत्ति पाउने विवरण संकलन गरी स्थानीय तहमा पेश गर्न जानकारी गराउने ।
- सम्बन्धित विद्यालयबाट सिफरिस सहित प्राप्त हुन आएका निवेदनहरुलाई जाँच गरी स्थानीय शिक्षा समितिको निर्णय सहित कार्यविधिको अनुसुची (३) मा उल्लेखित विवरण खुल्ने वैदेशिक रोजगार बोर्डमा पठाउने ।

**(थप जानकारी श्रम कल सेन्टरको टोल फ्रि नं ११४१, वैदेशिक रोजगार बोर्ड सचिवालयको फोन नं ०१-५३२०३११,४३३ तथा वेवसाइट www.feb.gov.np बाट प्राप्त गर्न सकिने छ ।)**